(आ.व. २०८२।८३ को चौथो बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८२/०८/२८ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

***निर्णयहरु:***

१ यसभन्दा अघिल्ला कार्यपालिका बैठकहरुमा भएका निर्णय तथा उक्त निर्णयहरुको कार्यान्वियन तथा कार्यप्रगतिका बारेमा समिक्षा गरियो ।

२ फलेवास नगरपालिकाका बिभिन्न वडाहरुमा वर्षायाम पश्चात क्षतिग्रस्त तपशिलमा उल्लेख गरिएका विभिन्न ४५ वटा सडकहरुको आकस्मिक मर्मत गरी यातायात सूचारु गर्न र विपदजन्य अवस्थामा परिचालन गरिएको व्याक हु लोडकको ईन्धन खर्च रु ४,३९,५८९ को भुक्तानी सदर गर्ने साथै अपरेटर भत्ता तथा सहयोगीको भत्ता वापतको रकम रु १,३३,६५०, इन्धन ढुवानी बापतको रु १३,१००, व्याक हु लोडर मर्मत बापत नियमानुसार दरभाउ माग गरी मर्मत गरेको खर्च रकम :ब्ह भ्बचतज :यखभचक लाई रु १३७९४०।७३ तथा बिभिन्न मितिमा व्याक हु लोडरको ट्यूब तथा टायर ढुवानी तथा मर्मतमा भएको खर्च रकम रु १३००० रकम सम्बन्धितलाई भुक्तानी दिने ।

| क्र.सं. | सडकको नाम |
|---|---|
| १ | थापाठाना माविको पहिरो तथा खेलमैदान सरसफाई |
| २ | मेलपोखरीमा इलाका वन कार्यालय जाने मोटरबाटो निर्माण । |
| ३ | फेदी मेलपोखरी मोटरबाटो सरसफाई । |
| ४ | खल्डाँडा पहिरो, सिम्ले पहिरो, मास्खेत, अधिकारी फर्म, बिस्टपानी, त्रिभुवन मावि वाल फिलिङ । |
| ५ | शंकरपोखरी वडा कार्यालय, सिमखेत, फेदी, सिसाठाँटी, मल्याङ्दीखोला घुम्तीको खाडल, सहिदचोकसम्मको सडक, खल्डाँडादेखि टारीसम्मको पहिरो सफाई तथा पानी तर्काउने । |
| ६ | धारापानीमा पहिरो सफाई । |
| ७ | पोखराचौर धारापानी मोटरबाटो ग्राभेल, मल्याङदीखोलामाथि घुम्तीमा पिचको खाडल पुरेको, सहिदचोक, चुचुनदेउराली पुर्कोट मोटरबाटो सफाई । |
| ८ | मैदान लिमिभुमेकोट जाने मोटरबाटो सरसफाई, देउपुजा । |
| ९ | टोप्रे सिमखेत मोटरबाटो सरसफाई । |
| १० | मल्याङ्दीखोला घुम्तीमा खाडल पुरेको, सिमखेत, सिसाठाँटी मोटरबाटो सरसफाई, शंकरपोखरी भीरमा सरसफाई । शंकरपोखरी बिरौटा खहरेखोला मोटरबाटो सफाई, |
| ११ | मुडिकवा थुमी पिच सडकको सफाई, मुडिकुवामा रुख पन्छ्याउने र भुकेखोला सडक मर्मत तथा खाडल पुर्ने |
| १२ | माटेदेवलमा खाडल पुर्ने कार्य । |
| १३ | कुश्मा जाने लोकमार्गमा सरसफाई । |
| १४ | श्रीसुवा मोटरबाटो सरसफाई । |
| १५ | मुडिकुवा लोकमार्ग कुश्मा जाने मोटरबाटो सफाई तथा मुडिकुवा विद्यालयको खेलमैदान सम्याएको । |
| १६ | श्रीसुवादेखि चुरी आरनसम्म जाने मोटरबाटो सफाई । |
| १७ | भुतेखोलामा खाडल पुरेको । |
| १८ | लमायमा बाटो बनाएको तथा सरसफाई । |
| १९ | झकलकमा मोटरबाटो सरसफाई । |
| २० | झकलक चितिपानी मोटरबाटो सरसफाई । |
| २१ | जोगिभिर बयरडाँडा मोटरबाटो सफाई । |
| २२ | गहते स्वास्थ्यचौकी मोटरबाटो सरसफाई, भवानी मावि नेरको मोटरबाटो सरसफाई । |
| २३ | अर्माना खेलेको घरदेखि खहरेखोलासम्म मोटरबाटो सरसफाई । |
| २४ | लिमिठाना जाने पुलमा सम्याएको र चनखोला पुलमा ह्युम पाइप हालेको । |

| | |
|---|---|
| २५ | नगर अस्पतालमा खाडल सम्याउने कार्य र नाली पुर्ने कार्य । |
| २६ | देविस्थानदेखि महेन्द्र श्रेष्ठको घरसम्म जाने बाटोमा ग्राभेल हालेको । |
| २७ | ओख्लेमा बाँस फालेको र हाँडीचौरमा सडकमा रहेका खाडल पुर्ने कार्य । |
| २८ | नगर अस्पतालमा पहिरो सरसफाई । |
| २९ | देविस्थान चनखोलादेखि वाइफाई चोकसम्मको मोटरबाटो सफाई । |
| ३० | देविस्थानदेखि हिटलर थापाको घरसम्म पुग्ने मोटरबाटो सरसफाई । |
| ३१ | भड्खाला मोटरबाटो सरसफाई । |
| ३२ | लाँकुरीडाँडा लमायखोला पीच सडक सरसफाई । |
| ३३ | सिमलचौर छाम्मी खोपकेन्द्रको घडेरी सम्याउने तथा पहिरो सरसफाई |
| ३४ | चिर्दिखोला खोपकेन्द्र घडेरी सम्याएको । |
| ३५ | सँहेला मानिके सडक सरसफाई । |
| ३६ | बेर्नेटा हे.पो. तथा अर्चले सडक सरसफाई । |
| ३७ | ठानामौला वडा कार्यालयदेखि खाल्टे अर्चले सडक सरसफाई । |
| ३८ | ठानामौला अर्चले खाल्टे, कालमुढा पहिरो सरसफाई । |
| ३९ | ठानामौला अर्चले नयाँबस्ती पहिरो सरसफाई । |
| ४० | लौसीखोला शिरुबारी हुँदै बाँस्वार बाटो सरसफाई । |
| ४१ | तल्लो सात्ले र माथिल्लो सात्लेको पहिरो सरसफाई । |
| ४२ | कुर्घा सारदा मावि वाल फिलिङ, खेल मैदान पाउँदुरटोलको पहिरो सफाई । |
| ४३ | पाँउदुरेटोलको बाटो सरसफाई, उपल्लो सात्ले मोटरबाटो सरसफाई र पिपलडाँडा मोटरबाटो सरसफाई । |
| ४४ | पाङराङ मोदीखोला ओडारे हुँदै खोरियाखर्क मोटरबाटो सरसफाई । |
| ४५ | ओडारेदेखि वडा कार्यालय दासको वन लुङ्दी मोटरबाटो सरसफाई । |

फलेवास नगरपालिकाका विभिन्न वडाहरुका उल्लिखित सडकहरुको निर्माण तथा स्तरोन्ती कार्यमा नगरको स्काभेटर परिचालन गर्दा खर्च भएको रु ७७८३८८ ईन्धन भुक्तानी तथा अपरेटर र सहयोगी भत्ता रु १,०६,७१० को भुक्तानी सदर गर्ने साथै नगरपालिकाका विभिन्न वडाहरुका नगरको स्काभेटरद्धारा निर्माण, चक्लाबन्दी तथा स्तरोन्ती कार्य भएका उल्लिखित सडक योजनाहरु सदर गर्दै निर्माण तथा स्तरोन्नतीको लागि थप कार्यादेश प्रदान गरिएका उल्लिखित सडक योजनाहरु स्वीकृत गर्ने ।

**मर्मत सम्पन्न भएका सडकहरुः**

१ रुग्दी चुरी नयाँ मोटरबाटो निर्माण फनपा ४ ।

२ शिर्सुवा डाँडा मोटरबाटो निर्माण नयाँ ट्याक फनपा ४।

३ मानमेला मोटरबाटो स्तरोन्नती फनपा ४ ।

४ फलेवास रंगशाला जैमिनीघाट मोटरबाटो निर्माण तथा स्तरोन्नती फनपा ६ ।

**कार्यादेश प्रदान गरिएका सडक योजनाहरुः**

१ चितिपानी गरने गैरीखोला अर्माना सडक फनपा ५ ।

२ छरछरे खोलाखेत सडक फनपा ५ ।

३ लामाखोर पाल्ला घोरेढुंग लमाए र लमाए पिप्ले बयरडांडा सडक फनपा ५ ।

४ गहते अर्माना सडक फनपा ५ ।

५ मणीचोक देखिं कडुजे सडक फनपा ४ ।

६ वडा कार्यालय र प्रहरी कार्यालय भवन निर्माणको जग्गा विकास तथा सम्याउने कार्य फनपा ५।

७ प्रमुख प्रशासकीय भवन वरिपरीको जग्गा सम्याउने कार्य ।

८ टंकी राहालचौर प्रशासकीय भवन जाने मोटरबाटो स्तरोन्नती तथा निर्माण फनपा ५ ।
९ चिर्दीखोला ढांड हे.पो. सडक चक्ला बन्दी तथा स्तरोन्नती फनपा ७ ।
१० बेर्नेटा जमदारथर हे.पो. सडक चक्लाबन्दी फनपा ७ ।
११ आंटीघर जोशीको धारा सुगुरे बाँसबारी सडक चक्लाबन्दी तथा स्तरोन्नती ।

**ब्याक हु लोडर द्वारा मर्मत गर्नुपर्ने तथा कार्यादेश प्रदान गरिएका सडक योजनाहरु :**

१ कार्किनेटा वगाले हुँदै डहरे देउराली सडक मर्मत फनपा १,२ ।
२ सुर्योदय युवा क्लव खेलमैदान सम्याउने कार्य, फनपा ६ ।
३ श्रीकांग बेसी जौबारी तिलाहार हुँदै चौतारा सडक मर्मत फनपा ११ ।
४ विरलेस वस्ती सम्म जाने सडक फनपा ११ ।
५ वडा कार्यालय देखि नेपाने सीउरास सुलीकोट बनडांडा भोक्सींग सडक मर्मत फनपा ११ ।
६ वेशीदेखि सीउरास सडक मर्मत फनपा ११ ।
७ लोकमार्ग देखि सिउरास सडक मर्मत फनपा ११ ।
८ घ्यांगसींग वडाकार्यालय तिनकुले अम्डी बास्कोट वाच्छा र तीनकुले कर्नास सडक फनपा ११ ।
९ मोदीखोला देखि उपल्लो सिंरकांग सुन्तला वगान जाने सडक मर्मत फनपा ११ ।
१० तुरतुरे देखि नेपाने सडक फनपा ११ ।
११ खोरीयाखर्क पूर्णबहादुरको गाउँ जाने बाटो सफाई फनपा ११ ।
१२ खोरीयाखर्क पल्लो बस्ती जाने सडक सफाई फनपा ११ ।
१३ तल्लोसाल्ले देखि तिलाहार कुलबाँध सडक मर्मत तथा सरसफाई, फनपा १० ।
१४ उल्लेरी दलित बस्ती हुँदै ठुलास्वाँर मोटरबाटो फनपा १० ।
१५ चौधारेदेखि लोकमार्ग सम्मको सडक ग्रेड मिलाउने कार्य फनपा १० ।
१६ मैदान हुँदै पोखराचौर जोड्ने कच्चि मोटरबाटो मर्मत फनपा ३ ।
१७ शंकरपोखरी स्वास्थ्यचौकी बिष्टपानी सडक मर्मत फनपा ३ ।
१८ मास्खेत हुँदै बिष्टपानी मोटरबाटो मर्मत फनपा ३ ।
१९ टारी हुँदै बुँदी मोटरबाटो मर्मत फनपा ३ ।
२० चुचुनदेउराली चाम्लेस्वाँरा रुग्दी मोटरबाटो मर्मत फनपा ३ र ४ ।
२१ नयाँचौपारी डाँडाटोल मोटरबाटो मर्मत फनपा ३ ।
२२ चुचुनदेउराली पोखराचौर मोटरबाटो मर्मत फनपा ३ ।
२३ चुचुनदेउराली रुग्दी तातोपानी मोटरबाटो मर्मत तथा स्तरोन्नती फनपा ३ र ४ ।
२४ सिम्ले अमल्लाह राताचौका मोटरबाटो मर्मत फनपा ३ ।
२५ खौला साल्डाँडा चंखोला भवानी विद्यापीठ मावि मोटरबाटो मर्मत फनपा ५ ।
२६ बिसुनचौका राहाले सुर्केखोला नगरपालिका मोटरबाटो मर्मत फनपा ५ र ६।
२७ मोवाइलचोक राताडाँडा अर्माना मोटरबाटो मर्मत फनपा ५ ।
२८ झकलक चक्रुफुलबारी मोटरबाटो मर्मत फनपा ५ ।
२९ मुडिकुवा भुकेखोला भुवानीथानदेखि मानमेला सडक मर्मत फनपा ४ ।

३० निरिंगे पुल मोटरबाटो सरसफाई फनपा ६।

३१ भड्खाल्ला फेंदी मोटरबाटो सरसफाई फनपा ६।

३२ देविथान नगर अस्पताल मोटरबाटो सरसफाई फनपा ६।

३ फलेवास नगरपालिका वडा नं. १० र ११ अन्तर्गतको नुवाँखर्क नेवारे डाँडाकटेरी भुपालखर्क कृषि सडक निर्माणका लागि दुवै वडाका जनप्रतिनिधिहरु र लाभग्राहिहरुको सर्वपक्षिय भेलाबाट खाली रहेका बस्तीमा भएको नीजि जग्गा हुँदै मोटरबाटो निर्माणकार्य गर्न सकिने साथै उक्त मोटरबाटो निर्माण गर्दा बिस्थापित बस्तीको नीजि जग्गामा व्यवसायिक फलफूल खेती बिस्तार गरी आयआर्जन गर्न सकिने प्रचुर सम्भावना रहेको र बिस्थापित बस्ती पुनर्स्थापना हुन सक्ने अवस्था रहेको भनी पटक-पटक सडक निर्माण गर्न दुवै वडाबासीबाट माग भएको हुँदा यस नगरपालिकाको एक्साभेटर परिचालन गरी उल्लिखित क्षेत्रमा समुदायको माग बमोजिम नीजि जग्गा हुँदै कुर्घा नुवाँखर्क नेवारे डाँडाकटेरी भुपालखर्क जोड्ने कृषि सडक निर्माण गर्ने।

४ यस नगरपालिकामा नियमानुसार प्राप्त निवेदनका आधारमा सञ्चालक बिशाल कुँवर भएको 'साबिरा कन्स्ट्रक्सन प्रा.लि.' फलेवास न.पा. ११ पाङराङ र सञ्चालक धनबहादुर थापा भएको 'बजारमारा बिल्डर्स' फलेवास न.पा. वडा नं. ३ शंकरपोखरीले 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र प्राप्त गर्न सम्पूर्ण कागजपत्र र नियमानुसारको प्रकृया पुर्‍याएकोले फलेवास नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ (पहिलो शंसोधन २०७८) बमोजिम 'साबिरा कन्स्ट्रक्सन प्रा.लि.' लाई फलेवास नगरपालिका वडा नंबर ११ पाङराङमा कार्यालय रहनेगरी र 'बजारमारा बिल्डर्स' लाई फलेवास न.पा. वडा नं. ३ शंकरपोखरीमा कार्यालय रहनेगरी उक्त दुवै फर्महरुलाई 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र प्रदान गर्ने।

५ यसै नगरपालिका वडा नं. ७ लिमिठाना र वडा नं. ८ ठानामौलामा रहेका स्वास्थ्यचौकीहरुको हालसम्म पनि पक्कि भवन नभएका कारण सेवा लिन आउने बिरामीहरुलाई स्वास्थ्योपचारका लागि निकै असुविधा भएको र उक्त स्वास्थ्यचौकीहरुका नाममा भवन निर्माण गर्न पुग्ने पर्याप्त जमिन रहेको हुँदा दुवै स्वास्थ्यचौकीहरुको भवन चालु आर्थिक बर्षमै निर्माण शुरु हुनेगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आवश्यक बजेटको माग गर्ने।

६ यस फलेवास नगरपालिका वडा नं. १० स्थायी बतन भएका तील बहादुर दर्जी (राजु) गम्भिर बिरामी भई अस्पतालमा उपचाररत रहेको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस, सम्बन्धित व्यक्तिको माग निवेदन तथा आवश्यक कागजात समेतका आधारमा 'बिपन्न/बिरामी आर्थिक सहायता' शिर्षकबाट रु ५० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने।

७ आगामी अठारौं नगरसभा निर्धारित समयमै सम्पन्न गर्ने विषयमा छलफल भयो। उक्त अठारौं नगरसभाको मिति समय र स्थान आगामी कार्यपालिका बैठकले तय गर्ने।